प्रतिदिन १६औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : २७३ ॥ २०८१ मंसिर ०८ गते शनिबार (23rd Nov 2024 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

# बजारमा पाइने अधिकांश भारतीय कपडा अवैध !

झापा(प्रस) । अवैध रुपमा ल्याइएका भारतीय कपडाहरु झापाका अधिकांश बजारमा बिक्री हुने गरेको छ । नाकाबाट भन्सार तिरेर कपडा भित्र् याउने नगरेपनि नेपाली बजारमा भारतीय कपडा छ्यापछ्याप्ती पाइन्छन् । मेची भन्सार कार्यालयमा भन्सार तिरेर भारतीय कपडा भित्र्याएको रेकर्ड नरहेको भन्सार प्रमुख राजेन्द्र चुँडालले बताए । भन्सारमा अन्य सामानको व्यापार भइरहँदा कपडाको व्यापार नभएको उनले बताए । भन्सारबाट राजस्व तिरेर नल्याएपनि झापाका बजारहरुमा भारतीय कपडा ठूलो मात्रामा आपूर्ति भइरहेको छ । भारतीय कम्पनीका सर्टिङ, सुर्टिङ, सारीदेखि लिएर थान र तयारी कपडाको ठूलो कारोबार नेपाली बजारमा हुने गरेको छ । यसैबीच केही दिनदेखि प्रहरीले भन्सार छलेर भित्र्याएको भारतीय कपडा लगातार नियन्त्रणमा लिदैं आएको छ । यसक्रममा सशस्त्र प्रहरीले भारतबाट भन्सार छलेर अबैध रुपमा ल्याईराखेको १२ लाखभन्दा बढी मूल्य बराबरको सामान कचनकवलमा बरामद गरेको छ । शुक्रवार बिहान ८:३० बजे कचनकवल ६ बस्ने ४० वर्षीय नजाम खातुनको घरमा भारतबाट भन्सार छलेर अबैध रुपमा ल्याईराखेको अन्दाजी १२ लाख २० हजार ६०० मूल्य बराबरको ६ पोका लत्ताकपडा फेला परी बरामद गरेको हो । बिशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल (प्रस्तावित) सीमा सुरक्षा गुल्म घेराबारीबाट खटिएको टोलीले खातुनको घरमा छापा मारेको थियो । बरामद सामान आवश्यक कानूनी प्रकृया पुरा गरी भन्सार दाखिला गर्ने प्रकृयामा रहेको सशस्त्र प्रहरी बल नेपाल नं २ गण हे.क्वा. झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक मदनकुमार रसाईलीले बताए ।



त्यस्तै शुक्रवार बिहान ११.४५ बजे मेचीनगर ६ सुँगुरठ्याक बस्तीमा सशस्त्र प्रहरी बल नेपाल (प्रस्तावित) सीमा सुरक्षा गुल्म काँकडभिट्टाबाट खटिएको मोबाईल गस्ती टोलीले बेवारिसे अबस्थामा रहेको रु १ लाख ८० हजार बराबरको १५ बोरा सुपारी र अन्दाजी रु ५७ हजार बराबरको ५ हजार २८६ वटा बिभिन्न जातका फूलको बिरुवा बरामद गरेको छ । बरामद फूलका बिरुवा नेपाल प्रहरी, पत्रकार र स्थानीय जनप्रतिनिधिको रोहबरमा नष्ट गरिएको र सुपारी मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाएको प्रहरी नायव उपरीक्षक रसाईलीले जानकारी दिए । अवैध चोरी निकासी नियन्त्रण गर्न सशस्त्र प्रहरीले सक्रिय भएर काम गरिरहेको रसाइलीको भनाई छ ।

त्यस्तै भन्सार छलेर अवैध रुपमा भित्र् याएको कपडा प्रहरीले बिर्तामोडमा बरामद गरेको छ ।

बिहीवार दिउँसो ३ बजे बिर्तामोड- ५ को इलाम स्टेन्डनजिक अन्दाजी मूल्य १ लाख ७१ हजार बराबरको ३ बोरा कपडा बरामद गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । बरामद गरिएका महिला र जाडोको कपडा मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाइएको उनले जानकारी दिएका छन् ।

यसअघि गत साता भन्सार छलेर ल्याएको अढाई लाख मूल्य बराबरको लत्ताकपडा सशस्त्र प्रहरीले बिर्तामोड- ५ को महानन्द चोकमा बरामद गरेको थियो । भन्सार नतिरी अवैध रुपमा भारतीय कपडा भित्र्याउने क्रम बढिरहँदा त्यसलाई निरुत्साहित गर्न राजस्व विभागले चासो राख्नुपर्ने भन्सार प्रमुख चुडाल बताउँछन् । राजस्व विभागले यसअघि छापा मार्ने गरेपनि केही समयदेखि कार्वाही गरेको देखिदैन ।

उर्लावारी दुर्घटना
## तीनजनाको मृत्यु ,घाइते चिन्ताजनक



झापा(प्रस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मोरङको उर्लाबारी-३ नयाँ मंगलबारमा भएको मोटरसाइकल दुर्घटनामा परी तीनजनाको मृत्यु भएको छ ।

घटनास्थलमा दुईजनाको मृत्यु भएकोमा थप एकजना घाइतेको मृत्यु भएको हो । त्यस्तै अर्का घाइतेको अबस्था पनि चिन्ताजनक रहेको छ । घाइते कानेपोखरी-४ का अन्दाजी २५ वर्षीय अमृत लिम्बूको उपचारको क्रममा बिहीवार राति ८ बजे बीएण्डसी अस्पताल बिर्तामोडमा मृत्यु भएको हो । त्यस्तै बीएण्डसीमै उपचार भइरहेको अर्का घाइते पथरीशनिश्चरे-५ का अन्दाजी ३७ वर्षीय विष्णु धिमालको अबस्था गंभीर रहेको छ । उनको भेन्टिलेटरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

बिहीवार अपरान्ह ४:४५ बजेतिर दुईवटा मोटरसाइकल एकआपसमा ठक्कर खाएर दुर्घटना भएको हो। पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश १-०२-०५० प ८४०६ र पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०२-०४३ प ९२२६ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना भएको मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरियाले जानकारी दिए।

उनका अनुसार दुर्घटनामा परेर बिहीवार मोरङको पथरीशनिश्चरे नगरपालिका-५ का ३३ वर्षीय वर्षीय दीपक धिमाल र कानेपोखरी गाउँपालिका-४ रमाइलोका अन्दाजी २७ वर्षीय किशोर गुरुङको मृत्यु भएको थियो । दुर्घटनामा परेर गम्भीर घाइते भएपछि उपचारका लागि धिमाललाई उर्लाबारीकै अरनिको अस्पताल र गुरुङलाई मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टर लगिएको थियो। अस्पताल पुर्याउनसाथ दुवै जनालाई चिकित्सकले मृत घोषित गरेको प्रहरीले जानकारी दिएको छ।

## ८ करोड बढीको कोपी भारत निर्यात

लक्ष्मी उप्रेती

मेचीनगर । काँकरभिट्टा नाका भएर कोशी प्रदेशका पूर्वी पहाडी जिल्लामा उत्पादित बन्दाकोपी, काउली र ब्रोकाउलीको निर्यात घटेको मेची भन्सार कार्यालयले जनाएको छ । गत आर्थिक वर्ष २०८०/०८१ को पहिलो चार महिनाको अवधिको तुलनामा चालु आर्थिक वर्ष २०८१/०८२ को सोही अवधिमा यसको निर्यात घटेको मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलले बताए ।

गत आर्थिक वर्षमा काँकरभिट्टा नाका हुँदै ११ करोड ५४ लाख ६३ हजार रुपैयाँ मूल्य बराबरको ७२ लाख ५२ हजार ३ सय ५५ मेट्रिक टन बन्दाकोपी, काउली र ब्रोकाउली भारत निर्यात भएको थियो ।



चालु आर्थिक वर्षको सोही अवधिमा ८ करोड ३१ लाख ५३ हजार रुपैयाँ मूल्य बराबरको ५२ लाख २ हजार ३ सय २५ मेट्रिकटन यी वस्तु भारत निर्यात भएको हो । गत आवको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा ३ करोड २३ लाख १० हजार रुपैयाँ मूल्य बराबरको २० लाख ५० हजार ३० मेट्रिकटन अर्थात २७ दशमलव ९८ प्रतिशत कम निर्यात भएको सूचना अधिकारी कँडेलले जानकारी दिए ।

कोशीको संखुवासभा, भोजपुर, तेह्रथुम, धनकुटा, इलाम, पाँचथर,ताप्लेजुङ जिल्लामा बन्दाकोपीको व्यावसायिक खेती हुने गरेको छ । कुनै बेला निकासी व्यापारमा महत्वपूर्ण टेवा पुर्‍याएको बन्दाकोपीको निर्यात अघिल्ला तीन चार वर्षयता क्रमशः ओरालो लाग्दै गएको छ । निर्यातका क्रममा बेला बेला हुने झन्टझटिलो प्रावधान र विभिन्न समस्याका कारण पूर्वीनाकाबाट हुने बन्दाकोपी निकासी आर्थिक वर्ष २०७४/०७५ यता तुलनात्मकरुपमा क्रमशः ओरालो अवस्थामा छ ।

यी जिल्लामा व्यवसायिकरुपमा किसानले उत्पादन गररेको बन्दा धेरैजसो भारतर्फ निर्यात हुने गरेको कार्यालयले जनाएको छ । भारतमा नेपाली बन्दाकोपीको माग उच्च रहेको छ ।

कहिलेकाहि त माग अनुसार पूर्ति गर्न नसकिने अवस्था समेत सिर्जना हुने गरेको थियो । शुरुमा निर्यातमा केही समस्या रहेपनि पछिल्लो समय कोरोना नियन्त्रणका लागि भन्दै नेपाल सरकारको लकडाउनका कारण निर्यात कम भएको थियो ।

## झापा र इलाममा आगलागीबाट दुई घर नष्ट

झापा(प्रस) । झापा र इलाममा आगलागी हुँदा दुई घर जलेर नष्ट भएको छ । बिहीवार बेलुका ५.३० बजे झापाको अर्जुनधारा- ४ का डम्बरबहादुर बस्नेतको गाईगोठमा खोले पकाउने क्रममा आगलागी भएको हो । आगलागीबाट काठको बेरा र टीनको छानो भएको बस्नेतको एकतले गोठ पूर्णरुपमा जलेर नष्ट भएको छ । शनिश्चरे प्रहरी चौकीको प्रहरी टोली र स्थानीयको सहयोगमा साँझ ६.१५ बजे आगो पूर्णरुपमा



नियन्त्रणमा आएको र आगलागीबाट अन्दाजी ६ लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

त्यस्तै बिहीवार राति ८.१० बजे इलाम माङसेबुङ गाउँपालिका- २ पावा बस्ने डिल्ली लिम्बूको घरमा आगलागी भएको छ टिनको छानो, काठको बेरा भएको लिम्बूको दुई तले घरमा विद्युत सर्ट भई अचानक आगलागी हुँदा घर र घरभित्र रहेको सुन २ तोला, चाँदी ३ तोला, अलैची २ मन, अन्नपात, लत्ताकपडा, भाँडावर्तन गरी अन्दाजी १८ लाख ९७ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ । उक्त आगो प्रहरी टोली र स्थानीयबासीले राति ९:५५ बजे पूर्ण रुपमा नियन्त्रणमा लिएका थिए ।

## बिर्तामोडमा १७४ वटा सामुदायिक कुकुरको बन्ध्याकरण

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले आयोजना गरेको शिविरमा एक सय ७४ वटा सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको छ ।

बिहीबार र शुक्रबार गरी दुई दिन आयोजित शिविरमा नगरका सबै वडाबाट कुकुर संकलन गरिएको थियो । नगरपालिकाले २०७५ सालदेखि हरेक वर्ष नीति तथा कार्यक्रम अनुसार नै सामुदायिक कुकुरको बन्ध्याकरण शिविरको आयोजना गर्दै आएको छ । कार्यक्रममा बोल्दै कार्यपालिका सदस्य तथा आर्थिक विकास समिति संयोजक संगिता शिवाले जनधनको हुनसक्ने क्षतिबाट बच्नको लागि पनि सामुदायिक कुकुर बन्ध्याकरण शिविर उपयुक्त रहेको बताइन् । सामुदायिक कुकुरका कारण सडक दुर्घटनासमेत बढेको भन्दै उनले शिविरले यसको संख्या नियन्त्रणसंगै जोखिम पनि कम हुने बताइन्।

यस्तै नगरका वरिष्ठ योजना अधिकृत जय तिम्सिनाले सामुदायिक कुकुरको संख्या घटाउनको लागि बन्ध्याकरण शिविर प्रभावकारी देखिएको बताए । उनले छिमेकी पालिकाहरुले पनि यस प्रकारको शिविरको आयोजना गर्नु पर्ने बताए ।शिविर समापन कार्यक्रममा प्राविधिक सहयोग उपलव्ध गराउने हाम्रो भेटेरिनरी सहकारी संस्था बिर्तामोड र संलग्न सर्जन डाक्टरहरुलाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रमकी अध्यक्ष कार्यपालिका सदस्य संगिता शिवाले सहकारी संस्थाका अध्यक्ष डाक्टर दिलिप सापकोटा, सर्जन डाक्टर सिजन सैंजु र निशा सञ्जेललाई प्रशंसापत्र प्रदान गरेकी थिइन् । सामुदायिक कुकुरहरुले बालबालिका झम्टिने, रातिको समयमा यात्रा गर्न असहज पारिदिने, साना पशु चौपायालाई आक्रमण गर्ने र दुर्घटनासमेत निम्त्याउने गरेका छन् । कुकुरहरूमा बन्ध्याकरण गर्दा रेबिजविरुद्धको खोप पनि लगाइएको नगरका पशुपंछी तथा मत्स्य विकास शाखाका प्रमुख डा. नगेन्द्र खड्काले जानकारी दिए ।



# प्रचारमा १० भन्दाबढी झण्डा र चुनाव चिह्न प्रयोग नगर्न निर्देशन

झापा(प्रस) । निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसारका क्रममा १० वटाभन्दा बढी झण्डा र चुनाव चिह्न प्रयोग नगर्न निर्देशन दिएको छ ।
उपनिर्वाचनको प्रचारप्रसारका क्रममा आचारसंहिताविपरीतका छिटपुट घटना भएकाप्रति ध्यानाकर्षण भएको जनाउँदै आयोगले झण्डा र प्रचारप्रसारका सामग्री, पर्चा, साइनबोर्डको आकार, साइज, रङ तोकेकोभन्दा फरक नपार्न निर्देशन दिएको हो ।
प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइनबोर्ड राख्न तथा श्रव्यसामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन नगर्न पनि आयोगले सूचित गराएको छ ।



आचारसंहिता उल्लंघन भए/गरेमा तत्कालै कारबाही गर्न निर्वाचन अधिकृत वा अनुगमनकर्ता र स्थानीय प्रशासनलाई निर्देशन दिइएको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् । यही मंसिर १६ गते आइतवार हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गर्न यही मङ्सिर २ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि निर्वाचन आचारसंहिता लागू भइसकेको छ ।
उक्त आचारसंहिताको प्रभावकारी कार्यान्वयन लागि आयोगले विभिन्न संयन्त्र परिचालित गरेको छ ।
आयोगले स्थानीय तह उपनिर्वाचनका लागि आवश्यकपर्ने मतपत्रका नमुना सार्वजनिक गरेको छ । उम्मेदवारको संख्याका आधारमा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले प्राप्त गरेका निर्वाचन चिन्ह मात्र समावेश गरी मतपत्र तयार गरिएको आयोगका प्रवक्ता पोखरेलले जानकारी दिइन् ।

स्वीकृत डिजाइनबमोजिम प्रत्येक पदका लागि छुट्टाछुट्टै मतपत्र रहेका छन् । उक्त नमुना मतपत्रका आधारमा राजनीतिक दल तथा उम्मेदवारले प्रचारप्रसार एवं मतदाता शिक्षा अभियान सञ्चालन गर्न सक्ने आयोगले जनाएको छ ।

# जापानले विश्वकै शक्तिशाली सुपर कम्प्युटर बनाउँदै

एजेन्सी ।प्रविधि क्षेत्रको प्रतिस्पर्धा बढ्दै जाँदा जापानले विश्वकै पहिलो जेटा श्रेणीको सुपर कम्प्युटर निर्माणको तयारी थालेको छ । सो डिभाइस अहिले संसारमा उपलब्ध सबैभन्दा शक्तिशाली सुपर कम्प्युटरभन्दा लगभग १००० गुणा बढी शक्तिशाली हुने दाबी गरिएको छ ।
यसका लागि झन्डै ११० अर्ब जापानी एन अर्थात ७५० मिलियन अमेरिकी डलर (करिब ९७ अर्ब रुपैयाँ)भन्दा बढी लाग्ने अनुमान गरिएको छ । आगामी वर्ष अर्थात सन् २०२५ बाट निर्माण



शुरू भएर २०३० मा प्रयोगका लागि तयार गर्ने जापानको लक्ष्य छ ।
'फुगाकु नेक्स्ट' नाम दिइएको परियोजना अन्तर्गतको उक्त सुपर कम्प्युटरले जेटाफ्लप्स गतिमा काम गर्न सक्नेछ । उदाहरणको लागि सो डिभाइसले प्रतिसेकेन्ड एक सेक्सटिलियन अर्थात १ को पछाडी २१ वटा शुन्य हुने संख्या बराबरको हिसाबकिताब प्रोसेस गर्न सक्नेछ ।
अहिले संसारमा चल्तीमा रहेको अमेरिकाको फ्रन्टियर सुपर कम्प्युटरले १.२ एक्साफ्लप्स अर्थात एक क्विन्टिलियन (१ को पछिल्तिर १८ वटा शुन्य) को गतिमा प्रोसेसिङ गर्न सक्छ । यो सुपर कम्प्युटर सन् २०२२ देखि टेनेसीको ओके रिज ल्याबोरेटरीमा सञ्चालनमा आएको हो ।
यस्तै, अमेरिकाको लरेन्स ल्याबमोरे नेशनल ल्याबोरेटरीमा रहेको एल क्याप्टेन नामक एक्साफ्लप्स सुपर कम्प्युटर नासाले निर्माण गरेको हो । यसले अमेरिकाको राष्ट्रिय सुरक्षासम्बन्धी विविध विषयमा काम गर्दै आएको छ । जापानको पछिल्लो महत्वाकांक्षी परियोजना रिकेन र फुजित्सु नामक कम्पनीहरूले बनाउनेछन् । जसका लागि जापान सरकारले पहिलो वर्षको खर्चस्वरूप ४.२ अर्ब एन अर्थात २९ मिलियन अमेरिकी डलर विनियोजन गरिसकेको छ ।
यो सुपर कम्प्युटर बनिसक्दा कम्प्युटिङ प्रविधिको क्षेत्रमा कोशेढुङ्गा हुने अनुमान गरिएको छ । आर्टिफिसियल इन्टेलिजेन्स तथा विभिन्न ठूला र अत्यन्तै जटिल तथ्यांक समावेश हुने वैज्ञानिक शोध अनुसन्धानका लागि यो सुपर कम्प्युटर अत्यन्तै उपयोगी हुने ठानिएको छ । यसले जापानको जलवायु तथा मौसमसम्बन्धी मोड्युलिङ, औषधी र चिकित्सासम्बन्धी अन्वेषण लगायत उन्नत प्रविधिको भौतिक विज्ञान अध्ययन क्षमतालाई अझै प्रभावकारी बनाउनेछ ।
उपयोगिताको हिसाबले अत्यन्तै आकर्षक मानिए पनि यो सुपरकम्प्युटरको प्रमुख चुनौती ऊर्जा अर्थात यसको सञ्चालनका लागि आवश्यक विद्युत रहनेछ । झन्डै ५००० टेराबाइट मेमोरी र क्लाउडमा आधारित लाखौं जीबीको स्टोरेज आवश्यक पर्ने यो सुपर कम्प्युटर पूर्ण क्षमतामा चलाउन झन्डै २१ आणविक प्लान्ट वा २१ गिगावाट ऊर्जा आवश्यक पर्नेछ ।
अमेरिकाका दुई ठूला माथि उल्लेखित सुपर कम्प्युटरसँगै हाल फुगाकुकै अर्को सुपर कम्प्युटर चौथो शक्तिशाली मानिन्छ । प्रतिस्पर्धामा अमेरिकापछि तेस्रो मानिने चीनको सनवे ताइहुलाइट भने चीनको उक्सीस्थित राष्ट्रिय सुपर कम्प्युटिङ केन्द्रमा रहेको छ ।

यस्तै, ठूला सुपर कम्प्युटरको प्रतिस्पर्धामा फिनल्यान्डको एलयूएमआई भने शतप्रतिशत नवीकरणीय ऊर्जाबाट सञ्चालित छ । आर्टिफिसियल इन्टेलिजेन्स, अन्तरिक्ष र वैज्ञानिक अनुसन्धानको दौड बढ्दै जाँदा प्रविधिका उन्नत देशहरू आफ्नो प्रभुत्व देखाउन यस्ता डिभाइस निर्माणमा समेत अघि सरेका छन् ।

# सत्तासीन एमालेद्वारा सडकमा शक्ति प्रदर्शन

झापा(प्रस) । सरकारको नेतृत्व गरिरहेको नेकपा एमाले शुक्रवार सडकमा ओर्लियो। सत्ताकै नेतृत्वकर्ता दलले नागरिकलाई उल्टै सास्ती दिँदै प्रतिपक्षको मानिने सडकमा शक्ति प्रदर्शन गरेको हो।
'जागरण सभा' नाम दिएर एमालेले उपत्यकाका तीनवटा जिल्ला कमिटी, चारवटा विशेष जिल्ला कमिटी र २३ वटा



जनसंगठनलाई सडकमा उतार्‍यो तर सत्तामा भएर पनि सडकमा शक्ति प्रदर्शन गर्नुलाई अस्वाभाविक ठानिएको छ।
प्रमुख प्रतिपक्षी माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेल गतिलो काम गर्न नसकेर आलोचना बढ्दै गएपछि त्यसको प्रतिरक्षास्वरुप सत्तारुढ दल सडकमा आएको टिप्पणी गर्छन्। सत्तामा बस्नेको प्रदर्शन राज्यका निकायमार्फत हुनुपर्ने भन्दै सडकमा उत्रनुलाई उनी अस्वाभाविक ठान्छन्।

'सरकारमा बस्नेले त्यही ठाउँबाट परफर्मेन्स देखाउने हो। त्यहीँबाट निराशा र भ्रम भए चिर्ने हो। आफैँले सुशासन कायम गर्ने हो र सेवा प्रवाहलाई प्रभावकारी बनाउने हो। सडकमा होइन', उनी भन्छन्, ' त्यसपछि त स्वतः जनताले साथ दिइहाल्छन् नि!'
विपक्षीमै रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सहमहामन्त्री सुमना श्रेष्ठले पनि नयाँ राजा हामी हौँ भनेर देखाउन सत्तारुढ एमाले सडकमा उत्रिएको टिप्पणी गर्छिन्। उनले सामाजिक संजालमार्फत भनेकी छन्, 'एमालेको शक्ति प्रदर्शन आज। सत्तामा एमाले, प्रधानमन्त्री एमाले, सम्बोधन गर्ने एमाले, दुःख पाउने जनताले, दरबारमार्गमै शक्ति प्रदर्शन किन? नयाँ राजा हामी हौँ भनेर देखाउन!'

अनेकखाले भ्रम पैदा गर्दै एमालेविरुद्धमा हमला गर्ने प्रयास भइरहेकोले त्यसलाई चिर्न सत्तामा भए पनि सडकमा उत्रिनु परेको एमाले नेताहरू बताइरहँदा विश्लेषकहरू पनि यसलाई स्वभाविक मान्दैनन्।
राजनीतिक विश्लेषक चन्द्रकिशोर सत्ताको जनप्रियता फिक्का बन्दै त्यसलाई ढाकछोप गर्न एमाले सडकमा उत्रिएको औंल्याउँछन्। सत्तामात्रै होइन, त्यस्तै परे सडक पनि कब्जा गर्न सक्छौं भन्ने अहं देखाउन पनि एमाले सडकमा ओर्लिएको बुझाइ उनको छ।
'सत्ताको जनप्रियता फिक्का बन्दै जाँदा त्यसमा जबरजस्त समर्थन छ, राम्रो गरिरहेको छ भन्ने देखाउने प्रयास हो। तर ढाकछोपका लागि गरिने यस्ता चटकले सडकमा मनोरञ्जन दिए पनि यथार्थमा तागत दिँदैन। अहिले पनि हाम्रै संगठन देशव्यापी छ, त्यस्तै परे सत्ता र सडक हामी नै कब्जा गरेर देखाउँछौँ। हेरौँ को आउँछ सडकमा? भन्ने अहं पनि एमालेमा देखिन्छ', उनी भन्छन्, 'तर सत्तामा हुँदा सडक तताउने सोच एक भ्रान्तिपूर्ण प्रयास हो।'

अर्का विश्लेषक श्याम श्रेष्ठ सत्तामा रहँदा लोकप्रियता क्षीण हुँदै गएको भय एमालेले देखाएको बताउँछन्। त्यही डरका वावजुद उसले आफ्नो शक्ति जबरजस्ती देखाउने प्रयत्न गरेको उनी औँल्याउँछन्।
उनी भन्छन्, 'सत्तामा बसेर उल्लेख्य डेलिभरी दिन नसक्दा अलोकप्रियता बढ्दै गयो, शक्ति क्षीण हुँदै गयो कि भन्ने डर एमालेमा छ। त्यो डरलाई निवारण गर्न र हाम्रो पनि शक्ति छ है भनेर जबरजस्ती देखाउन सत्तामा भए पनि सडकमा ओर्लिएको देखिन्छ।'

एमाले उपमहासचिव प्रदीप ज्ञवाली भने सत्तामा भए पनि सडकमा शक्ति प्रदर्शन गर्नु अनौठो नभएको बताउँछन्। पार्टी, सरकार र लोकतन्त्रमाथि नै खतरा पैदा हुनेगरी उत्पन्न भएका भ्रम चिर्न आफूहरू सडकमा उत्रिएको दावी उनले गरे।
'केही अनौठो मान्नु ठान्नुपर्ने विषय होइन यो', सडक प्रदर्शनको उद्देश्य प्रष्ट्याउँदै उनी भन्छन्, 'नयाँ राजनीतिक कोर्स शुरु भएको छ, योसहित पार्टीले गरेका कामहरूका बारेमा जानकारी दिनका लागि। साथै पछिल्लो समय समाजमा जुन अराजकता देखिएको छ, अराजकता र लोकतन्त्र सँगसँगै जान सक्दैनन्। यसकारण लोकतन्त्रलाई सुदृढ गर्न सत्तामै हुँदा पनि दलहरूले बेलाबेला जनपरिचालनहरू गरिरहनुपर्छ।'
सभामा सम्बोधन गर्ने क्रममा पनि नेताहरूले यी नै भनाइ दोहोर्‍याए। सभालाई प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी ओलीसहित दोस्रो तहका नेताहरूले सम्बोधन गरेका थिए। त्यसो त सत्तामा रहँदा पहिलो पटक एमाले सडकमा ओर्लिएको होइन। २०५१ सालमा संसद् विघटन गरेर मध्यावधि निर्वाचन घोषणा गर्ने तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको निर्णय सर्वोच्च अदालतले उल्ट्याइदिएपछि एमालेले सत्तामा रहँदै सडक आन्दोलन गरेको थियो।
२०६७ वैशाखमा पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढलेपछि माओवादीले देशभरबाट कार्यकर्ता उतारेर काठमाडौँमा अनिश्चितकालीन हडताल र घेराउ गर्दा त्यसको प्रतिकार पनि एमालेले सरकारमा हुँदै सडकमा कार्यकर्ता उतारेर गरेको थियो। त्यसबेला माधवकुमार नेपालको नेतृत्वमा एमाले सरकारमा थियो।

## काठमाडौं महानगरले एमालेलाई गर्‍यो एक लाख जरिवाना

झापा(प्रस) । काठमाडौं महानगरपालिकाले नेकपा एमालेलाई एक लाख रुपैयाँ जरिवाना गरेको छ। शुक्रबार दरबारमार्गमा आयोजित जागरण अभियानका दौरान फोहोरमैला गर वातावरण प्रदूषण गरेको भन्दै महानगरले एमालेलाई एक लाख रुपैयाँ जरिवाना गरेको हो।
काठमाडौं महानगरपालिको आर्थिक ऐन, २०८१ बमोजिम एमालेलाई एक लाख जरिवाना गराइएको नगर प्रहरी निरीक्षक लिलाराज गाछाले जानकारी दिए। उनका अनुसार प्रशासकीय अधिकृतको निर्देशनबमोजिम एमालेलाई कारबाही गरिएको हो।
सत्तारुढ दल एमालेले काठमाडौं उपत्यकाका तीनवटै जिल्लाको संयोजकत्वमा दरबारमार्गमा जागरण सभा आयोजना गरेको थियो। जागरण सभामा प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले सम्बोधन गरेका थिए।

## ब्राउनसुगरसहित मकवानपुरका युवक पक्राउ



झापा(प्रस) । भारतबाट लागूऔषध भित्र्याउन खोज्ने मकवानपुरका एक युवक मेची पुलमा पक्राउ परेका छन् । शुक्रवार दिउँसो ३.३० बजे मेचीनगर-६ स्थित पुरानो मेची पुलमा भारतबाट सिटीरिक्सामा चढेर नेपालतर्फ आउँदैं गरेका मकवानपुर थाहा नगरपालिका वडा न. ६ बस्ने ३१ वर्षीय आशाकाजी तामाङ ब्राउनसुगरसहित पक्राउ परेका हुन् ।
शंका लागेर प्रहरीले चेकजाँच गर्दा उनले बोकेको झोलाभित्र प्लाष्टिकले पोका पारी लुकाई छिपाई ल्याउँदैं गरेको प्लाष्टिकसहित १९ ग्राम ५७० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । लागूऔषधसहित उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# हलेसीमा महिला फुटबल प्रतियोगिता

झापा(प्रस) । हलेसी तुवाचुङ नगरपालिकाले आयोजना गरेको खुला महिला फुटबल प्रतियोगितामा १७ टोली सहभागी हुने भएका छन् । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसर पारेर नगरपालिकाले आयोजना गरेको महिला फुटबल प्रतियोगितामा सहभागी हुन विभिन्न जिल्लाका १७ टोलीले नाम दर्ता गरेका हुन् ।



'मेरो गोल, लैङ्गिक हिंसाविरुद्धको बोल' भन्ने नारासहित नगरपालिकाले आयोजना गरेको महिला फुटबल प्रतियोगिताको पुरस्कार राशि रु एक लाख १० हजार एक सय ११ छ । जिल्लामा यसअघि आयोजना गरिएको महिला फुटबल प्रतियोगिताको पुरस्कार राशिभन्दा हलेसीमा आयोजना गरिएको प्रतियोगिताको पुरस्कार राशि सर्वाधिक हो ।
प्रतियोगिताका लागि जिल्लाका विभिन्न स्थानीयमा दर्ता भएका स्पोर्टस् क्लबका साथै छिमेकी जिल्ला ओखलढुङ्गा र भोजपुरका विभिन्न क्लबमा आबद्ध खेलाडीले नाम दर्ता गराएको नगरपालिकाका खेल प्रशिक्षक मिलन कसजुले जानकारी दिए । नगरपालिकाले पहिलोपटक आयोजना गरेको महिला फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिएको छ ।
मंसिर ८ गते शनिबारदेखि औपचारिक रूपमा सुरु हुने फुटबल प्रतियोगिता त्रिधार्मिकस्थल हलेसीस्थित बसाहाथान खेलमैदानमा सञ्चालन गर्ने तयारी गरिएको छ । यही मङ्सिर १० गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रु एक लाख १० हजार एक सय ११ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेताले रु ५५ हजार पाँच सय ५५ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने जनाइएको छ । सेमिफाइनलिस्ट दुई समूहलाई जनही नगद रु २२ हजार दुई सय २२ सहित प्रमाणपत्र प्रदान गरिने नगरपालिकाले जनाएको छ । यस्तै, विद्यागततर्फ प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद रु एक हजार पाँच सय ५५ तथा विद्यागततर्फकै अन्य खेलाडीलाई जनही रु एक हजार एक सय ११ का दरले नगद पुरस्कारको व्यवस्था गरिएको जनाइएको छ ।
अभियानका अवसरमा नगरपालिकाले महिला फुटबलसँगै महिला जनप्रतिनिधिका लागि म्युजिकल चियर प्रतियोगिता पनि आयोजना गरेको जनाइएको छ । दुवै प्रतियोगिता समापनका अवसरमा स्थानीय तथा राष्ट्रियस्तरका कलाकारको सहभागितामा विविध सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरिएको आयोजकले जनाएको छ ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, इलाम जिल्ला, देउमाई महानगर/उप-महानगर/नगरपालिका/गाउँपालिका वडा नं.-४ मा बस्ने श्री नरबहादुर लिम्बुका नाति, श्री चन्द्र प्रसाद लिम्बुका छोरा, श्री पदम लिम्बुको मिति वि.सं.२०८१/०६/२८ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय मंगलबारेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती इन्द्र कुमारी राईले मिति वि.सं.२०८१/०७/२७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार दक्षिणः श्री रुकमिणि लामिछानेको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री शोभा बुढाक्षेत्रीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण इजाजतपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | ११८५ | १२२. ५० | २०८१/ ०५ /१६ | २०८१/ ०५ /१६ | २०८१/ ०८/०४ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उपनिर्वाचन स्वच्छ बनोस्

मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि ४४ पदमा ४१० जनाको उम्मेदवारी दर्ता भएको छ । निर्वाचन आयोगका अनुसार देशभर उपनिर्वाचन हुन लागेका ४४ पदमा ४१० जनाको उम्मेदवारी परेको हो । उनीहरूमध्ये ६६ जना महिला, ३४२ जना पुरुष र अन्य दुई जना छन् ।

आयोगका अनुसार कैलाली जिल्ला समन्वय समितिको प्रमुखका लागि दुई जना महिलाको उम्मेदवारी परेको छ भने ओखलढुंगाको जिल्ला समन्वय समितिको प्रमुखमा कांग्रेसका टेकराज भट्टराईको एकल उम्मेदवारी परेको छ ।

त्यस्तै, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख गरी ८ पदमा ३५ महिला र ४८ पुरूषसमेत गरी ८४ जनाको उम्मेदवारी परेको छ ।त्यस्तै, गाउँपालिका र नगरपालिकाका वडाध्यक्षको रिक्त ३४ पदका लागि २९ जना महिला, २९३ पुरुष र एक अन्य गरी ३२३ जनाको उम्मेदवारी दर्ता भएको छ । सबैभन्दा धेरै धनुषाको धनुषाधाम नगरपालिका वडा नं. १ को वडा अध्यक्ष पदमा २१ जनाको उम्मेदवारी परेको छ भने सबैभन्दा कम रूकुम (पूर्वी भाग)को पुथा उत्तरगंगा गाउँपालिका वडा नं. २ को वडा अध्यक्ष तथा बझाङको सुर्मा गाउँपालिका वडा नं. ४ को वडा अध्यक्ष पदमा ३/३ जनाको मात्रै उम्मेदवारी परेको छ । कन्काई ६ मा हुन गइरहेको स्थानीय तह उपनिर्वाचनका लागि ९ जनाले उम्मेद्वारी दिएका छन् ।

बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म कन्काई ६ मा रहेको निर्वाचन अधिकृतको कार्यालयमा ९ जनाले मनोनयन दर्ता गराएका हुन् ।स्वतन्त्र उम्मेद्वार लक्ष्मीप्रसाद ओली, नेपाली कांग्रेसबाट रामगोपाल ओली, नेकपा एमालेबाट तुलराम बस्नेत , नेकपा माओवादी केन्द्रबाट गणेशबहादुर थापा, जनमत पार्टीबाट सुकलाल राजवंशी, राप्रपाबाट नारायण निरौला , नागरिक उन्मुक्ति पार्टीबाट जमुना राजवशी , मंगोल नेशनल अर्गनाइजेसनबाट पदमबहादुर तामाङ र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट दलबहादुर श्रेष्ठले मनोनयन दर्ता गराएका हुन् ।

स्थानीय तह उपनिर्वाचनका लागि आइतबार उम्मेदवारको मनोनयन दर्ता भएको छ ।बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवार मनोनयन दर्ता गर्ने समय रहको थियो ।

मंसिर १६ मा हुने उपनिर्वाचनका लागि मनोनयन दर्ता गराएका उम्मेदवारको सूची आइतबार साँझ ५ देखि ६ बजेसम्म प्रकाशन गरिएको छ । उम्मेदवारको विरोधमा मंसिर ३ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म उजुरी दिन सकिने कार्यसूची छ । मंसिर ५ लाई उम्मेदवारीको नाम फिर्ता लिने समय तोकिएको छ । त्यही दिन अपराह्न उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिनेछ ।

२०७९ को निर्वाचनपछि रिक्त रहेका नगरपालिका प्रमुख र उपप्रमुख १/१, गाउँपालिका अध्यक्ष २ र उपाध्यक्ष ४ तथा वडाध्यक्ष ३४ जना छान्न उपनिर्वाचन हुँदैछ । निर्वाचन धाँधलीरहित, निष्पक्ष र शान्तिपूण्र् बनोस् ।




# साइबर सुरक्षाप्रति सचेतना आवश्यक



• सागर घले

विश्व समाज अहिले प्रविधिको युगमा छ । मानिसको जीवनलाई सरल र सहज बनाउन प्रविधिले ठुलो भूमिका खेलिरहेको छ । द्रुत गतिमा बढेको प्रविधि द्रुत गतिमा नै दुरुपयोगमा फसेको छ । प्रविधिको विकाससँगै, साइबर आक्रमणको आवृत्ति र परिष्कार डरलाग्दो दरमा बढ्दै गएको छ । विश्वका ठुला ठुला देशलाई पनि साइबर आक्रमणले गिज्याइरहेको छ । त्यस कारण साइबर सुरक्षा बहसको चुचुरोमा पुगेको छ भने नेपाल पनि अहिले यही समस्यासँग जुधिरहेको छ ।

कुनै समय एक ठाउँबाट अर्को ठाउँ सन्देश पठाउँदा हप्तौंदेखि महिनौँसम्म लाग्ने गर्थ्यो । चिठीको माध्यमबाट सन्देश पठाउने र प्राप्त गर्ने ती समयलाई छिचोल्दै आज एकै सेकेन्डमा एक ठाउँदेखि अर्को ठाउँसम्म सन्देश पुग्ने युगमा हामी बाँचिरहेका छौँ । बढ्दो प्रविधि र यसभित्र भइरहेको दुरुपयोगले अहिले विज्ञान अभिसाप हो कि वरदान हो भन्ने कुरामा आममानिसको आआफ्नै तर्क आइरहेको पाइन्छ ।

विश्व साइबर आक्रमण इतिहासलाई नियाल्दा प्राविधिक रूपमा पहिलो साइबर आक्रमण फ्रान्समा इन्टरनेटको आविष्कार हुनुभन्दाअघि नै सन् १८३४ मा भएको थियो । आक्रमणकारीहरूले फ्रान्सेली टेलिग्राफ प्रणालीमा पहुँच गरेर वित्तीय बजारको जानकारी चोरेका थिए । यसै गरी सन् १९८८ मा इन्टरनेट पहिलो ठुलो साइबर आक्रमण कर्नेल स्नातक विद्यार्थी रोबर्ट मोरिसबाट भएको पाइन्छ । 'मोरिस वर्म' वर्ल्ड वाइड वेब डेब्यु हुनुअघिको वर्षमा प्रहार भयो, जब इन्टरनेट मुख्य रूपमा शैक्षिक अनुसन्धानकर्ताको डोमेन थियो । यसले स्ट्यानफोर्ड, प्रिन्सटन, जोन्स हप्किन्स, नासा, लरेन्स लिभरमोर ल्याब्स र युसी बर्कलेलगायतका अन्य संस्थामा कम्प्युटर प्रणाली सङ्क्रमित गऱ्यो ।

नेपालको सन्दर्भमा उक्लिँदै गर्दा गत एक दशकमा नेपालमा साइबर अपराध उल्लेख्य रूपमा बढेका छन् । जनवरी २०१७ मा नेपालको सरकारी कम्प्युटर प्रणालीको सबैभन्दा ठुलो साइबर आक्रमणमा पऱ्यो । जसमा 'प्याराडक्स साइबरघोस्ट' नामक समूहले ५८ वटा सरकारी वेबसाइट ह्याक गरेको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पनि बेला बेला साइबर आक्रमणको सिकारमा पर्ने गर्छ, जसले गर्दा उडानलाई असर गरी हजारौँ यात्रु मर्कामा परेको खबर हामी बेला बेला सुनिरहेका हुन्छौँ ।

बढ्दो साइबर आक्रमणको नयाँ रूपले चिन्ता थपेको छ । नेपालको सन्दर्भमा व्यक्ति, संस्था र राष्ट्रलाई साइबर खतराबाट जोगाउन साइबर सुरक्षाको बारेमा चेतना जगाउनु आवश्यक छ तर वर्तमान परिवेशमा साइबर सुरक्षा र साइबर आक्रमणका लागि जनचेतनाको अभाव देखिएको हामी विभिन्न घटना र परिदृश्यबाट पाउन सक्छौँ । कतिपय पहुँचकर्तालाई सामान्य साइबर सुरक्षाको ज्ञानसमेत नहुने भएकाले यसले थप जोखिम निम्त्याएको देखिन्छ । दैनिक रूपमा विभिन्न प्रकृतिको साइबर अपराध फेला पर्ने गर्छ, जसले चुनौती थपेको छ । फार्मिङ आक्रमण, भिसिङ, रान्सम वेयर, मालवेयर, फिसिङ स्क्याम यी सबै अहिले नयाँ रूपमा देखा परेको विश्वव्यापी साइबर अपराध हो, जसले विश्वका ठुला ठुला मुलुकलाई पनि गिज्याइरहेको छ ।

साइबर ब्युरोको अनुसार गत आर्थिक वर्षमा मात्र ब्युरोमा कुल २२ करोड रुपियाँ बराबरको अनलाइन ठगीसम्बन्धी उजुरी परेको तथ्याङ्क सार्वजनिक गरेको छ । त्यसमध्ये सबैभन्दा धेरै अनलाइनबाट लगानी वा अनलाइन जागिरसँग सम्बन्धित छन् । त्यस्ता कुल ५०८ वटा उजुरी परेका छन् । गत आवमा अनलाइन सपिङसँग सम्बन्धित कुल ४१२ वटा उजुरी परेका थिए भने त्यस्ता गतिविधिबाट करिब ९० लाख रुपियाँ ठगिएको पाइएको छ । त्यस्तै व्यक्तिगत सामाजिक सञ्जाल खाता ह्याक गरेर ठगी गरिएको विषयमा ब्युरोमा गत वर्ष कुल १२६ वटा उजुरी परेका छन् । त्यस्तो कार्यबाट दुई करोड १३ लाख रुपियाँभन्दा बढी ठगी भएको छ ।

यी तथ्याङ्कलाई हेर्दा नेपाललाई साइबर आक्रमणले गिज्याइरहेको छ । सरकारले पनि साइबर आक्रमण र साइबर सुरक्षाका लागि आवश्यक कानुनको परिमार्जन गर्नुपर्ने देखिन्छ । हाल सरकारले विभिन्न कानुन र नीति निर्माण गरी साइबर अपराध नियन्त्रण गर्ने कदम नचालेको भने होइन । विभिन्न कालखण्डमा समय अनुरूप कानुन परिमार्जन भएको पाइन्छ । जस्तै विद्युतीय कारोबार ऐन, २०६३ । साइबर अपराध र अनलाइन ठगीलाई सम्बोधन गर्न यो नेपालको पहिलो महत्वपूर्ण प्रयास थियो । यसले विद्युतीय लेनदेन, डिजिटल हस्ताक्षर र अन्य साइबर सम्बन्धित मुद्दाका लागि कानुनी आधार प्रदान गर्छ ।

साइबर अपराध ऐन, २०१६ राष्ट्रिय साइबर सुरक्षा रणनीतिको फराकिलो ढाँचामा समावेश गरिएको छ, यसको उद्देश्य ह्याकिङ, पहिचान चोरी, र जालसाजी जस्ता साइबर अपराधलाई परिभाषित र सजाय दिने हो । यसले व्यक्ति र व्यवसाय दुवैका लागि साइबर सुरक्षा प्रोटोकलहरू लागु गर्न सहज बनाउँछ । सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले डाटा सुरक्षित गर्ने, सार्वजनिक र निजी क्षेत्रको आइटी प्रणालीहरूको सुरक्षा बढाउन र डिजिटल सूचनाको गोपनीयता सुनिश्चित गर्ने दिशानिर्देश प्रदान गर्छ । साइबर सुरक्षा भनेको व्यक्तिगत गोपनीयताको सुरक्षा मात्र नभई एक राष्ट्रिय सुरक्षाको विषय हो । यस कारण यसलाई व्यवस्था गर्न सरकारले गहकिलो कदम चाल्नुपर्ने देखिन्छ । बढ्दै गएको साइबर अपराधको सन्दर्भमा नेपाल प्रहरीको साइबर अपराध अनुसन्धान प्रणाली तथा डिजिटल फोरेन्सिक ल्याबलाई थप मजबुत र विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

साइबर अपराधबाट बच्न सबैभन्दा पहिले नागरिक आफैँ सचेत हुनु पर्छ । साइबर अपराधलाई पराजय गर्ने सबैभन्दा महत्वपूर्ण उपकरण भनेको जनचेतना हो । आफू कुन सफ्टवेयर चलाउँदै छु, यसको दुरुपयोगले के कस्ता समस्या आइलाग्छ भन्ने कुराको ज्ञान हुने हो भने धेरै हदसम्म साइबर अपराधको सिकार हुनबाट बच्न सकिन्छ । सरकारले पनि विभिन्न साइबर सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने देखिन्छ । नेपालमा हजारौँ अवैध वेबसाइट सिर्जना भएका छन् । ती वेबसाइटलाई बन्द गरी नागरिकको पहुँचबाट टाढा राख्नु पर्छ ।

नेपाल दूरसञ्चार प्राधिकरणलगायतका सञ्चार क्षेत्रसँग समन्वय गरी नागरिकसँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा साइबर अपराध, साइबर सुरक्षाका बारेमा विभिन्न शैक्षिक कार्यक्रम गरी सचेत गराउन सकियो भने धेरै मात्रामा साइबर सुरक्षासम्बन्धी ज्ञानबाट नागरिक साक्षर हुन सक्छन् । अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्ने हो भने संयुक्त राज्य अमेरिकामा 'राष्ट्रिय साइबर सुरक्षा जागरूकता महिना' एक प्रमुख पहल हो । जसले नागरिकलाई साइबर सुरक्षा जोखिमबारे शिक्षित गर्ने र सुरक्षित अनलाइन अभ्यास प्रवर्धन गर्ने उद्देश्य राख्छ । यस महिना लामो अभियानमा विभिन्न सरोकारवाला एकजुट भएर राष्ट्रको साइबर सुरक्षा लचिलोपनमा चेतना जगाउन र वृद्धि गर्न सामेल छन् ।

तेस्तै संयुक्त अधिराज्यमा 'नेसनल साइबर सेक्युरिटी सेन्टर' ले व्यक्ति र व्यवसायलाई साइबर खतराबाट जोगाउन मार्गदर्शन र स्रोतहरू उपलब्ध गराउन 'साइबर अवेयर' जस्ता अभियान सञ्चालन गरेको पाइन्छ । अस्ट्रेलियाको सरकारले अस्ट्रेलियाली साइबर सेक्युरिटी सेन्टरमार्फत जनचेतना अभियान सञ्चालन गर्छ र आफ्ना नागरिकलाई साइबर सुरक्षाको बारेमा शिक्षित गर्न अनलाइन स्रोतहरू उपलब्ध गराउँछ । 'स्टे स्मार्ट अनलाइन' जस्ता पहलले अनलाइन सुरक्षित रहन सल्लाह दिन्छन् र व्यक्ति र संस्थाले सामना गरिरहेका साइबर खतराबारे सचेतना जगाइरहेको पाइन्छ ।

अन्त्यमा अहिले विश्वव्यापी रूपमा साइबर अपराध र साइबर सुरक्षा चुनौतीको विषय बन्न पुगेको छ । करोडौँ मानिस इन्टरनेटको पहुँचमा पुगिसकेका छन् । यो वृद्धि सेवाको बढ्दो डिजिटलाइजेसन, देशभर इन्टरनेट पहुँचको विस्तार र जनतामा साइबर सुरक्षाबारे जनचेतनाको आवश्यकता देखिन्छ । विद्यालयमा विद्यार्थी, समाजमा रहेका नागरिक, वित्तीय संस्थामा आबद्ध कर्मचारी र सरकार सबै मिलि साइबर अपराधबाट सचेत हुन सकिने खालका विभिन्न पहल तथा कार्यक्रम गरी साइबर अपराधलाई समाज र देशबाट न्यून गर्नु पर्छ ।

# स्थानीय तहको सेवा प्रवाह



• तारा वाग्ले

अधिकांश स्थानीय तहमा कर्मचारीको नेतृत्वमा भएका नियमित कामबाहेक जनताले अनुभूत गर्ने खास काम भएको देखिँदैन । स्थानीय तहमा अहिले धमाधम विकास निर्माण र सेवा प्रवाहको काम भइरहनुपर्ने हो तर कर्मचारी अभावमा ती काम निरन्तर अघि बढ्न सकेका छैनन् । मुलुक संघीयतामा गएपछिको सुरुवाती अवस्थामा जनप्रतिनिधिबिचको असमझदारीले कामको स्पष्ट बाँडफाँट हुन सकेको थिएन । त्यति बेला केन्द्र रहने स्थानसम्बन्धी विवादले सेवा दिने स्थान नै जनताले थाहा नपाउने जस्ता समस्या देखिएका थिए । जनप्रतिनिधि र कर्मचारीबिच विवाद हुँदा त्यसको व्यवस्थापन चुनौतीपूर्ण भएको देखिन्छ ।

कर्मचारी कम हुनु र भएका कर्मचारीको पनि बिनासमन्वयमा धमाधम सरुवा हुने गरेकाले समस्या झन् थपिएको छ । कर्मचारी सुगम स्थानीय तह मात्र जान चाहने प्रवृत्तिले दुर्गमका स्थानीय तहमा कर्मचारी अभाव छ । साथै सङ्घीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । स्थानीय तहका जनप्रतिनिधिलाई प्रशिक्षण र अभिमुखीकरण नगरी जिम्मेवारीको ठुलो भारी बोकाइएको कारण यस्तो भएको विश्लेषकले बताउँदै आएका छन् । वडाध्यक्षहरूले प्रक्रिया पुऱ्याउन नपाउँदा सिफारिस लिन गएकाले झन्झट बेहोर्नु परेको छ ।

स्थानीय तहका जनप्रतिनिधिले आफूनिकटका र आफूले बनाएका योजना अनुसार काम गर्न नचाहने प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नै गर्न नदिई फिर्ता पठाउने गरेका छन् । संघीय मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा भएको व्यवस्थाबमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने गरेको छ तर उसले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराई फिर्ता पठाउँदा कर्मचारी व्यवस्थापनको समस्या अझै बल्झिँदै गएको छ । संघीय निजामती सेवा ऐन नबन्दा प्रमुख प्रशासकीय अधिकृतको खटनपटनमा संघ र स्थानीय तहबिच मनमुटाव हुने गरेको जानकार बताउँछन् । अहिले पनि २४८ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत रिक्त छन् । यस्तो अवस्थामा समेत सरकारले विभिन्न बोर्ड, परिषद्, समिति, आयोजना तथा कार्यक्रमलगायतका अस्थायी प्रकृतिका निकायमा स्थायी कर्मचारी खटाउँदै आएको छ ।



अहिले ११ उपमहानगरपालिकामध्ये १० वटा उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त छन् । त्यस्तै २७६ नगरपालिकामध्ये ११६ वटा नगरपालिकामा र ४६० गाउँपालिकामध्ये १२२ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । कुनै पनि संवैधानिक निकाय, प्रधानमन्त्री कार्यालय, श्रम तथा रोजगार मन्त्रालय र अर्थ मन्त्रालयलगायतका संवेदनशील कार्यालयको सहमतिबिना कर्मचारी सरुवा गर्न मिल्दैन । त्यसैले पनि स्थानीय तहमा सधैँ कर्मचारी अपुग हुने गरेको हो । यसैबिच मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा हालै बसेको सचिवस्तरीय बैठकले सबै मन्त्रालयलाई कर्मचारी दरबन्दी र कार्यरत कर्मचारीको अद्यावधिक विवरण तयार गर्न निर्देशन दिएको छ ।

स्थानीय तहमा देखिएको अर्को समस्या भनेको समन्वयको अभाव हो । सङ्घ प्रदेश र स्थानीय तहका जनप्रतिनिधिबिच उचित समन्वय नहुँदा विकास निर्माण र सेवा प्रवाहको काम प्रभावित भएको छ । संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने भनिएको छ । साथै उपधारा (२) मा प्रदेश, गाउँपालिका वा नगरपालिकाबिच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने उल्लेख छ । स्थानीय जनप्रतिनिधि भने सामान्य समस्या समाधानका लागि समेत केन्द्रमै धाउँछन् । स्थानीय जनप्रतिनिधिमा आफ्नो राजनीतिक दलको प्रमुखलाई भेटेपछि मात्र समस्याको समाधान हुन्छ भन्ने मानसिकता हुनु र आफ्नो आसपासका पदाधिकारीलाई अविश्वास गर्नुले पनि समन्वयमा असर परेको देखिन्छ ।

जनतालाई सरकारको उपस्थिति बोध गराउने तथा उनीहरूले अत्यावश्यक सेवाको प्रत्यक्ष लाभ लिने भनेकै स्थानीय तहबाट वितरण हुने सेवा प्रवाहबाट हो । स्थानीय सरकाले विधिको शासन, सुशासन, आर्थिक विकास र प्रभावकारी सेवा प्रवाहबाट जनताको विश्वास जित्न सकेमा मात्र संघीयताको औचित्य, आवश्यकता र उपयोगिता सिद्ध हुन सक्छ । नागरिकले आफ्नै घरदैलोमा चुस्त र सरल तरिकाले सेवा प्राप्त गर्न सकून् भनेर मुलुक संघीय शासन पद्धतिमा गयो । राज्यले समानतामा आधारित समतामूलक समाज निर्माण गर्न तथा घरआँगनमै सरकार भएको प्रत्याभूति गराउन नेपालको संविधान २०७२ को धारा २६ ले तीन तहका सरकारको व्यवस्था गरेको छ ।

संविधानले नै स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रको सम्पत्ति र घरबहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिका, दण्ड, जरिवानालगायतका राजस्व सङ्कलनको अधिकार दिएको छ । साथै संविधानले स्थानीय प्रशासनका काम कारबाहीमा पारदर्शिता र जवाफदेहिता प्रशासनिक सुशासनका लागि महत्वपूर्ण नीति नियम स्थानीय तहमै बनाउने अधिकार दिएको छ । यसै गरी स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानुन र मापदण्ड निर्धारण गर्ने कार्यभार स्थानीय तहको मातहतमा परेको छ । योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, पञ्जीकरण व्यवस्थापन, स्थानीय तहको तथ्याङ्कमय अभिलेख, सूचना तथा सञ्चार प्रविधियुक्त अभिलेख राख्ने कार्य पनि संविधानले स्थानीय तहलाई सुम्पेको छ । तीन तहका सरकारबाट नागरिकले पनि फरक फरक अपेक्षा गरेका हुन्छन् । जनताको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको स्थानीय सरकारको क्षमता, व्यवहार, अभ्यास, नतिजा र प्रभावकारिताबाट जनताले शासन प्रणालीप्रति आफ्नो धारणा बनाएका हुन्छन् । यसकै आधारमा सरकारको सफलता मापन हुने गर्छ । त्यसैले स्थानीय तहबाट जनताका निर्वाचित प्रतिनिधि र सरकारका स्थायी कर्मचारीमार्फत सेवा वितरण गर्न थालियो ।

स्थानीय सरकारले समुदायका आवश्यकता पूरा गर्न, समस्या समाधान गर्न र आधार भूत सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउनु पर्छ । यसका लागि सरकारले आफू नियामक, सहजकर्ता र सुनिश्चितकर्ता वा प्रावधानकर्ताको भूमिकामा रहेर स्थानीय तहको सेवा प्रवाहमा निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रको भूमिका बढाउनु पर्छ ।

स्थानीय तहमा खटिएका कर्मचारीको काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने र तजबिजी वा स्वविवेकीय अधिकार कटौती गर्ने व्यवस्था मिलाउनु पर्छ । साथै सेवा प्रवाहमा संलग्न निकायबिच सहज, सरल, छरितो र सस्तो एवं स्तरीय सेवाप्रवाहका लागि बोलकबोल प्रणाली लागु गर्ने तथा उत्तम सेवा प्रदायकको मूल्याङ्कन गरी पुरस्कृत गर्ने र हौसला बढाउनेतर्फ ध्यान दिनु पर्छ । सेवा प्रवाहमा विद्यमान विकृति, विसङ्गति, ढिलासुस्ती एवं अपारदर्शिता र भ्रष्टाचार हटाउन सेवाग्राहीको सङ्गठन, समूह, दबाब समूह, सरोकार समूह वा उपभोक्ता समूह गठन पनि उत्तिकै आवश्यक छ । यसै गरी सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्क राख्ने कर्मचारीले पनि असल र सेवाग्राहीमैत्री व्यवहार प्रदर्शन गर्दै स्थानीय भाषाको ज्ञान, दक्षता, र क्षमता विकासमा ध्यान दिनु जरुरी छ ।

## वायु प्रदूषण बढेको भन्दै वातावरण विभागले दियो सुझाव

झापा(प्रस) । पछिल्लो समय देशभर वायु प्रदूषण बढेको भन्दै सावधानी अपनाउन वातावरण विभागले आग्रह गरेको छ । नेपालमा विशेषगरी मंसिरदेखि जेठ महिनासम्म वायु प्रदूषण उच्च हुने गरेको विभागको भनाइ छ ।

'विगत केही हप्तादेखि नेपालको तराई क्षेत्र लगायत काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको पाइएको छ । वायु प्रदूषणको मुख्य कारक उद्योग कलकारखाना र सवारी



साधनबाट निष्कासन हुने धुवाँ, वन डढेलो, खुला रूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउने, घरबाट निस्कने धुवाँ, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धूलो आदि रहेका छन् । वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेष गरी बालबालिका, वृद्ध वृद्धा एवं श्वासप्रश्वास र मुटुका बिरामी, गर्भवती महिलाहरूलाई बढी प्रभाव पार्ने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउनुहुन अनुरोध छ', विभागको सूचनामा भनिएको छ ।

वायु प्रदूषण नियन्त्रण तथा न्यूनीकरण गर्न ठोस तथा प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन, सवारीसाधनको नियमित मर्मत सम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धुवाँ धूलोको यथोचित नियन्त्रण गर्न विभागले आग्रह गरेको छ ।

# इटहरीबाट ६ जुवाडे पक्राउ

झापा(प्रस) । सुनसरीको इटहरी उपमहानगरपालिका-६ मा संचालनमा रहेको गजुरमुखी होटलबाट ६ जना जुवाडे पक्राउ परेका छन्।

बिहीवार राति होटलको तीनतलामाथि तासजुवा खेलिरहेको गोप्य सूचनाको आधारमा प्रहरी परिचालन गरी उनीहरूलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय इटहरीका डीएसपी लक्ष्मी भण्डारीले जानकारी दिएका छन्।

होटलको तेस्रो तलामा प्रहरी निरीक्षक महेन्द्र पराजुली नेतृत्वको टोलीले उनीहरूलाई पकाउ गरी प्रहरी हिरासतमा राखेर अनुसन्धान थालिएको डीएसपी भण्डारीले बताए। पक्राउ



पर्नेमा होटल संचालक नविन पुरी, इटहरीका ४५ वर्षीय जीवन कार्की, इटहरी-१७ का ५२ वर्षीय दुर्गा कार्की, बराहक्षेत्र नगरपालिका-१ का ३० वर्षीय सुबास राई, बराहक्षेत्र-८ का खडगबहादुर बिष्ट र रामधुनी नगरपालिका-५ का ४६ वर्षीय गौरीशंकर रहेको डीएसपी भण्डारीले बताए।

पक्राउ परेका जीवन कार्की र खडगबहादुर बिष्ट पेशेवर जुवाडे रहेको प्रहरीले जनाएको छ। दुबैजना गत भाइटिकाको दिन सुनसरीको नडाहाबाट जुवा खेलिरहेको अवस्थामा पक्राउ परेको सुनसरीका प्रहरी प्रमुख एसपी सुमनकुमार तिम्सिनाले बताए।

जुवाडेको साथबाट २ लाख २८ हजार ५ सय नगद र ८ बुङ तास बरामद गरिएको छ। पक्राउ परेकाविरुद्ध म्याद थप गरी घटनाको अनुसन्धान थालिएको डीएसपी भण्डारीले बताएका छन्।

# दलित बस्तीमा 'एक घर एक धारा'



झापा(प्रस) । ओखलढुङ्गा केउरिनी गाउँको दलित बस्तीमा 'एक घर एक धारा' खानेपानी सुविधा पुगेको छ । सिद्धिचरण नगरपालिका-२ ठुलाछापको केउरिनी दलित बस्तीका २८ घर परिवारको प्रत्येक घरमा खानेपानी सुविधा पुगेको हो ।

घरघरमा खानेपानीको सुविधा पुगेपछि स्थानीय हर्षित भएका छन् । सिद्धिचरण नगरपालिका, वडा कार्यालय, साहस नेपाल र स्वयंसेवी अभियान नेपालको करिब नौ लाख आर्थिक सहयोग र स्थानीयको जनश्रमदानमार्फत खानेपानी आयोजना सम्पन्न भएको वडा अध्यक्ष बसन्त कटवालले बताए ।

धेरै वर्ष अघिदेखि खानेपानीको समस्या झेल्दै आएका केउरिनीका नागरिकलाई घर घरमा पानीको धारा पुर्‍याइएको वडाध्यक्ष कटवालको भनाइ छ । खानेपानी आयोजनाको कोशी प्रदेश सांसद प्रदीप सुनुवारले उद्घाटन गरेका छन् । जिल्लाको कतिपय स्थानमा अझै पनि खानेपानीको चरम अभाव रहेकोले त्यसको समाधानका लागि पहल भइरहेको प्रदेश सांसद सुनुवारले बताए । सोही अवसरमा नगरपालिकाले नागरिकका आवश्यकतालाई विचार गरी नीति, कार्यक्रम र बजेट ल्याएकोले आगामी दिनमा खानेपानी र विद्युतलगायतका बाँकी काम द्रुतगतिमा हुने कार्यक्रमा सिद्धिचरण नगरपालिकाका उप-प्रमुख केदारबाबु बस्नेतले बताए ।

# सुकुटी बेचेर मासिक दुई लाख आर्जन



झापा(प्रस) । मोरङ बेलबारी-११ लक्ष्मीमार्ग बजार क्षेत्रमा लस्करै सुकुटी पसल भेटिन्छन् । राँगाको मासुबाट यहाँ बनाइने सुकुटीको माग स्वदेशमा मात्र नभई विदेशमा पनि बढेपछि सुकुटीको व्यापार फस्टाएको हो ।

विदेशको लोभलाग्दो कमाइ छोडेर स्वदेशमै स्वरोजगार बन्ने उद्देश्यले लक्ष्मीमार्गका केही युवाले सुरु गरेको सुकुटी पसलले हाल विदेशको कमाइलाई बिर्साइदिएको छ । छ वर्ष वैदेशिक रोजगारीको सिलसिलामा कतार बसेर आएका प्रेम श्रेष्ठले करिब १० वर्षदेखि लक्ष्मीमार्गमा सुकुटी व्यवसाय गर्दै आएका छन् । सुकुटीको माग दैनिक बढेसँगै पेशाप्रति सन्तुष्टि रहेको उनले बताए।

रोजगारीको सिलसिलामा आठ वर्ष मलेसिया बसेर आएका दिलिप श्रेष्ठले पाँच वर्षअघि यो व्यवसाय सुरु गर्दा सातामा करिब २० देखि ३० किलो मात्र सुकुटी बिक्री हुने गरेकामा छ सयदेखि सात सय किलो सुकुटी बनाउने गरेका छन् । उनका अनुसार "स्वदेशी बजारमा भन्दा बेलायत र अमेरिकामा बस्ने नेपालीले यहाँको सुकुटी माग गर्नुहुन्छ, जनशक्ति अभावमा माग पूरा गर्न सकिएको छैन", विदेशमा रहेका नेपालीहरुमा कोसेलीको रुपमा सुकुटीको माग उच्च रहे तापनि बनाउन धेरै झन्झट र मिहेनत पर्ने भएकाले मागअनुसार पुर्‍याउन नसकिरहेको श्रेष्ठ बताउँछन् ।

प्रतिकिलो रु दुई हजारमा बिक्री भइरहेको सुकुटी व्यापारले हाल विदेशको कमाइलाई बिर्साइदिएको छ । मासिक रु दुई लाखसम्म आम्दानी भइरहेको उनी बताउँछन् ।

वैदेशिक रोजगारीको सिलसिलामा सात वर्ष कतारमा काम गरेर आएका सोभितमान श्रेष्ठ नौ वर्षदेखि लक्ष्मीमार्गमा सुकुटी व्यापार गर्दै आएका छन् । साताको १० किलो मासु ल्याएर सुकुटी बनाउने गरेकामा हाल दैनिक २० देखि २५ किलो सुकुटी बनाउने गरेको उनी बताउँछन् । लक्ष्मीमार्गमा दैनिक राँगाको सुकुटीको माग बढ्दो क्रममा रहेको र आफूलाई भ्याइनभ्याइ भएको उनले बताए ।

# नेपाल वायुसेवा निगमद्वारा टिकटमा छुट



झापा(प्रस) । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अन्तर्राष्ट्रिय गन्तव्यको हवाई भाडादरमा छुट दिएको छ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार न्यूनतम दुई हजार पाँचसयदेखि अधिकतम ५ हजार रुपैयाँसम्म छुट दिइनेछ।

काठमाडौँबाट भारतको नयाँदिल्ली, मुम्बई र बैंलोर सेक्टरका लागि बजार भाडादरमा दुई हजार पाँच सयसम्म छुट दिइनेछ भने कतारको दोहा युनाइटेड अरब इमिरेट्स (यूएई)को दुबई, साउदी अरेबियाको दमाम, मलेसियाको क्वालालम्पुर, हङकङ, थाइल्यान्डको बैंकक र जापानको नारिता उडानमा पाँच हजारसम्म दिइएको निगमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

हवाईभाडादर घटाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विशेष निर्देशन बमोजिम राष्ट्रिय दायित्व निर्बाह गर्दै अन्तर ाष्ट्रिय गन्तव्यहरुको भाडादरमा छुट दिन थालिएको निगमले जनाएको छ। हवाईभाडा वृद्धिबारे गुनासो बढेपछि पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डेले अन्तर्राष्ट्रिय उडान गर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिए थिए । यसअघि हवाई सेवा कम्पनीहरुले नियामक निकायसँगको छलफलमा हवाईभाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति गरिएको भएपनि त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्रीले एयरलाइन्सहरुले नागरिकको मर्का बुझिदिन अनुरोध गरेको थियो।

निगमका अनुसार संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यही नोभेम्बर १ देखि २२ सम्म डाक्टरको रिपोर्ट र नेपाल क्यान्सर रिलिफ सोसाइटीको सिफारिसमा दिल्लीको दुईतर्फी उडानमा ३७ जना क्यान्सर रोगीलाई शतप्रतिशत र ती बिरामीका ३३ कुरुवालाई ५० प्रतिशत छुटमा टिकट उपलब्ध गराइएको छ।

# पूर्वाञ्चल विश्वविद्यालयले बालविकासबारे अन्तर्राष्ट्रिय सम्मेलन गर्दै

झापा(प्रस) ।पूर्वाञ्चल विश्वविद्यालयको शिक्षाशास्त्र संकायले नेपालमा पहिलो पटक बालविकाससम्बन्धी दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन गर्ने भएको छ ।

नेपाल, अमेरिका, बेलायत, मलेसिया, बङ्गलादेशलगायत १५ भन्दा बढी देशका प्राज्ञ, नीति निर्माताहरू, अनुसन्धानकर्ता र विद्यार्थीहरूको सहभागितामा मंसिर २१ र २२ गते विराटनगरको बिग होटलमा सम्मेलन आयोजना गर्न लागिएको पूर्वाञ्चल विश्वविद्यालयको शिक्षाशास्त्र संकायका डिन अनिल पोखेलले जानकारी दिए ।

पोखेलले यस अन्तर्राष्ट्रिय सम्मेलनमा बालविकासका क्षेत्रमा प्राज्ञिक बहस र विमर्श गराउने उद्देश्य रहेको बताए । उनले भने "प्रारम्भिक शिक्षामा नवीनतम् विषयहरू आएका छन् । बालबालिकाको शिक्षा पाउने अधिकार, राज्यका साथै शिक्षक र अभिभावकको दायित्वको विषयमा पनि हाम्रा धारणाहरुमा पनि परिवर्तन आएको छ ।" उनले थपे "यस परिदृश्यमा विश्वविद्यालयले बालबालिकासँग सम्बन्धित विषयलाई तत्काल सम्बोधन गर्न यो



सम्मेलन महत्वपूर्ण हुनेछ।"

विश्वविद्यालयका उपकुलपति प्राडा बिजु थपलियाले सम्मेलनमा प्रस्तुत भएका कार्यपत्र एवं कार्यशालाहरूबाट विश्वविद्यालयले भविष्यमा शिक्षाशास्त्र संकाय अन्तर्गत रहने गरी खोलिन लागेको "क्उभअर्ष्बा ऋभलतचभ ायच तजभ क्तगमथ या भ्ऋम" अध्ययन-अनुसन्धान केन्द्र सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने "बालबालिका लक्षित यस सम्मेलन हाम्रो लागि एउटा महत्वपूर्ण सुरुवात हो । यसले बालबालिकालाई न्याय, समता र अधिकार सुनिश्चित गर्न सघाउ पुग्नेछ ।" यस सम्मेलनले बालविकासका क्षेत्रमा नयाँ एवं बजारको आवश्यकता अनुसारका स्नातक, स्नातकोत्तर लगायतका विशेष कार्यक्रमहरूको पहिचान गर्न र सो अनुरूप कार्यक्रमहरू थप गर्न सघाउ पुग्ने विश्वविद्यालयको विश्वास छ । सम्मेलनमा बालबालिका लक्षित नीति, विशेष आवश्यकता भएका बालबालिकाको हेरचाह, बालविकासका क्षेत्रमा आवश्यक जनशक्ति, पेशागत विकास र नैतिकता, जलवायु परिवर्तन र त्यसले बालबालिकालाई परेको प्रभाव, प्रारम्भिक बाल्यकाल विकासमा नवप्रवर्तन आदि विषयमा ४० भन्दा बढी सहभागीहरूले आफ्नो अध्ययन अनुसन्धानको प्रस्तुति, बालबालिका लक्षित विषयमा कार्यशाला एवं प्रदर्शनी गर्ने कार्यक्रम रहेको छ ।

सम्मेलनमा बेलायतबाट प्रोफेसर करेन ग्रहाम, अमेरिकाबाट इल्सा चाहिन, लोरेन वेब्राइट र क्रिष्टिन हैगेन, भारतबाट चिराश्री घोस, नेपालबाट मिनाक्षी दाहाल, मलेसियाबाट ली जेन यून र आनी शिवानाथानलगायत मुख्य वक्ताहरुले बालविकास र प्रारम्भिक शिक्षालगायतका विषयमा मन्तव्य दिने कार्यक्रम छ ।

सम्मेलन आयोजनाका लागि काठमाडौँ महानगरपालिका, विराटनगर महानगरपालिका, नविल बैंक, प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रेनलगायतका विभिन्न संघ संस्थाको सहयोग रहेको छ । सम्मेलन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा मंसिर २१ गते उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

# वाणिज्य संघका अध्यक्ष न्यौपानेकी आमाको निधन



झापा(प्रस) । दश दिनअघि आगलागीमा परी घाइते भएकी बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेकी आमाको उपचारका क्रममा निधन भएको छ । बिहीवार राति ९.४५ बजे भारतको सिलिगुडीमा उपचारका क्रममा न्यौपानेकी आमा अन्दाजी ८५ वर्षीया पुष्पलता न्यौपानेको निधन भएको हो । गत कात्तिक २७ गते हरिबोधनी एकादशीका दिन एकादशीको पूजा गर्दा दियोको आगो सल्किएर उनी घाइते भएकी थिइन् । पूजा गर्ने क्रममा दियोको आगो उनको कपडामा सल्किएको थियो । घाइतेलाई उपचारका लागि बिर्तासिटी अस्पताल बिर्तामोडमा भर्ना गरिएको थियो । त्यहाँ उपचार संभव नभएपछि भारतको सिलिगुडी लगिएको थियो । स्वास्थ्य अवस्था गंभीर भएपछि बिहीवारदेखि उनलाई भेन्टिलेटरमा राखिएको थियो ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — सहयोगी हातहरू अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

**वृष** — रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ

**सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ

**कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** — आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** — आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** — व्यापार व्यवसाय सामान्य होला । पुनर्मिलनको योग पनि रहेको छ ।